**प्रमाणीकरण मिति : २०७९/०३/२८ गते**

# तानसेन नगरपालिका क्षेत्र भित्र संचालित लघु प्रकृतिका लिफ्ट खानेपानी आयोजनामा खपत हुने बिद्युत महसुल अनुदान सम्बन्धी कार्यविधि, २०७९

तानसेन नगरपालिका क्षेत्र भित्र समुदायस्तरबाट सञ्चालन हुने लघु प्रकृतिका लिफ्ट खानेपानी आयोजनामा खपत हुने बिद्युत महसुललाई सरल, व्यवस्थित, सेवामा एकरुपता र थप प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) अनुसार तानसेन नगर कार्यपालिकाबाट यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम तानसेन नगरपालिका क्षेत्र भित्र सञ्चालित लघु प्रकृतिका लिफ्ट खानेपानी योजनामा खपत हुने बिद्युत महसुल अनुदान सम्बन्धी कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "आवश्यक कागजात" भन्नाले तानसेन नगरपालिका क्षेत्र भित्र सञ्चालित लघु प्रकृतिका लिफ्ट खानेपानी आयोजनाका उपभोक्ताहरुले अनुदान प्राप्त गर्नको लागि पेश गर्नुपर्ने कागज वा प्रमाणलाई सम्झनु पर्दछ ।

(ख) "एकाघर व्यक्ति" भन्नाले एकासगोलमा बस्ने परिवारका अन्य सदस्यलाई सम्झनु पर्दछ ।

(ग) "उपभोक्ता" भन्नाले तानसेन नगरपालिका क्षेत्र भित्र सञ्चालित लघु प्रकृतिको लिफ्ट खानेपानीबाट लाभान्वित उपभोक्ता सम्झनु पर्दछ ।

घ) "बिद्युत युनिट" भन्नाले नेपाल बिद्युत प्राधिकरण, पाल्पा वितरण केन्द्रले तोकेको १ किलो वाट घण्टा भन्ने सम्झिनु पर्छ ।

**ड)** "अनुदान" भन्नाले तानसेन नगरपालिकाले खानेपानी विद्युत महसुलमा दिएको महसुल अनुदान सम्झनु पर्दछ ।

## परिच्छेद-२
## दर्ता **अनुमति सम्बन्धी व्यवस्था**

**३. उपभोक्ता समिति दर्ता गर्नुपर्ने :**

(१) तानसेन नगरपालिका क्षेत्र भित्र विभिन्न स्थानहरुमा लिफ्ट प्रबिधि मार्फत खानेपानी उपभोग गर्ने उपभोक्ताले यस नगरपालिकाको ऐन नियम भित्र रही तानसेन नगर कार्यपालिकाको कार्यलयमा

दर्ता गर्नु पर्ने छ । दर्ता प्रक्रियाको लागि तानसेन नगरपालिकाको सम्बन्धित शाखामा गई निवेदन दरखास्त गर्नु पर्नेछ । दर्ता प्रक्रियाको लागि दरखास्त दिंदा अनुसूची-१ मा उल्लेख गरे बमोजिमका कागजातहरू पेश गर्नुपर्नेछ ।

**४. प्राविधिक अध्ययन सम्बन्धी व्यवस्था :**

(१) तानसेन नगरपालिका क्षेत्रका विभिन्न स्थानहरुमा लिफ्ट प्रबिधि मार्फत खानेपानी उपभोग गर्ने उपभोक्ताहरुको निर्माण सम्पन्न भई सञ्चालनमा रहेका लिफ्ट खानेपानी संरचनाको नगरपालिकाले आवश्यक ठानेमा प्राबिधिक टोलि सहित प्राविधिक अध्ययन गरिने छ । यसरी अध्ययन गर्दा आयोजना चालु अवस्थामा रहेको खण्डमा मात्र यो कार्यविधि लागु हुनेछ।

**५. खानेपानीको गुणस्तर सम्बन्धी व्यवस्था :**

यसरी प्राविधिक अध्ययन गर्दा उक्त स्थानमा पिउने प्रयोजनको लागि प्रयोग भएको खानेपानी गुणस्तरयुक्त भएको अभिलेख तानसेन नगरपालिकालाई उपलब्ध गराउनु पर्ने छ । गुणस्तर मापनको लागि तानसेन नगरपालिकाले सम्बन्धित उपभोक्ता समितिलाई आवश्यक सहयोग प्रदान गर्न सक्ने छ ।

**६. बिद्युत युनिट जडान सम्बन्धी विशेष व्यवस्था** :

समुदाय स्तरमा प्रयोग भएको लघु प्रकृतिका लिफ्ट खानेपानी आयोजना नेपाल विद्युत प्राधिकरण, पाल्पा वितरण केन्द्रमा दर्ता हुनुपर्ने छ र यो कार्यविधि लागु हुनु पूर्व सम्पूर्ण महसुल चुक्ता गरिसक्नु पर्नेछ । महसुल समयमा नतिरी हर्जाना ब्यहोर्ने उपभोक्ताको हकमा तानसेन नगरपालिकाबाट हर्जानाको रकम भुक्तानी गरिने छैन । हर्जना तिरेर महसुल भुक्तानी गरेका उपभोक्ताको हकमा हर्जाना तिरेको महिनाको लागि अनुदान दिईने छैन।

## परिच्छेद-३
## अनुदान प्राप्त गर्ने सम्बन्धी व्यवस्था

**७. अनुदान प्राप्त गर्ने उपभोक्ता समिति :**

(१) समुदाय स्तरमा पिउने प्रयोजनको लागि प्रयोग भएको बढिमा २०० घरधुरीले उपभोग गर्ने लिफ्ट प्रबिधियुक्त खानेपानी आयोजनाको उपभोक्ता समितिले यो सुबिधा प्राप्त गर्ने छन । योजना सञ्चालनमा घरधुरी यथावत कायम गर्ने व्यवस्था उपभोक्ता समितिले मिलाउनु पर्नेछ ।

आयोजनाको सञ्चालन व्यवस्थापन एवं उपयोगको सम्बन्धमा वडास्तरबाट अनुगमन गरी वडा कार्यालयको सिफारिसका आधारमा उपभोक्ता अनुदान प्राप्त गर्न योग्य हुनेछ ।

**८. उपभोक्ता समितिको खाता सञ्चालन सम्बन्धी व्यवस्था :**

अनुदान प्राप्त गर्ने उपभोक्ता समितिले कम्तिमा ३ जना पदाधिकारीको संयुक्त नाममा नगरपालिकाले तोकेको बैंकमा उपभोक्ता समितिको बैंक खाता खोल्नु पर्नेछ ।

## परिच्छेद-४

## अनुदान सम्बन्धी व्यवस्था

**९. अनुदानको सिमा सम्बन्धी व्यवस्था :**

अनुदान प्राप्त गर्ने उपभोक्ता समितिले लिफ्ट प्रयोजनको लागि खपत भएको विद्युत महसुलको पच्चीस प्रतिशतले हुन आउने रकम नगरपालिकाबाट अनुदान रुवरुप भुक्तानी दिने व्यवस्था गरिने छ ।

**१०. उपभोक्ता समितिले अनुदान प्राप्त गर्ने सम्बन्धी व्यवस्था :**

यो अनुदान प्राप्त गर्नको लागि लघु प्रकृतिको लिफ्टिङ्ग खानेपानी आयोजनाका उपभोक्ता समितिले प्रति महिना नेपाल बिद्युत प्राधिकरण, पाल्पा वितरण केन्द्रमा खपत गरेको बिद्युत महसुल तिरेको रसिद, उपभोक्ता समितिको दर्ता प्रमाणपत्र, अनुदानको लागि उपभोक्ता समितिको बैठकको निर्णयको प्रति (आवश्यकताको आधारमा), खर्च सार्बजनिक गरेको विवरण, भुक्तानी माग गर्ने निबेदन र बैंक खाता नम्बर सहितको कागजातहरु र वडाको सिफासिका आधारमा उक्त उपभोक्ता समितिलाई नेपाल बिद्युत प्राधिकरण, पाल्पा वितरण केन्द्रमा खपत गरेको बिद्युत महसुल तिरेको रसिदको २५% रकम उपभोक्ता समितिको बैंक खातामा अनुदान उपलब्ध गराइने छ ।

**११. जरिवाना सम्बन्धमा :**

अनुदान प्राप्त गर्ने उपभोक्ता समितिले आफ्नो लिफ्ट खानेपानी आयोजनाको विद्युतीय संरचनाको मर्मत सम्भार र रेखदेख गर्नु पर्नेछ अन्यथा उक्त उपभोक्ता समितिलाई दिने अनुदान तानसेन नगरपालिकाले जुनसुकै बखत रद्द गरि आवश्यक कारवाही समेत गर्न सक्नेछ ।

**१२. हेरफेर र संसोधन :** हाल उपलब्ध गराइने अनुदानमा हेरफेर गर्नु परेमा र कार्यविधि संसोधन गर्नुपरेमा कार्यपालिकाबाट गर्न सकिनेछ ।

**१३. बाधा अड्काउ फुकाउने अधिकार :**

यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ पर्न आएमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**अनुसूची-१**

# तानसेन नगरपालिका
# नगर  कार्यपालिकाको कार्यालय, पाल्पा

## उपभोक्ता समिति दर्ता गर्न पेश गर्नुपर्ने आवश्यक कागजातहरू

१. उपभोक्ता समितिको बैठकको निर्णयको प्रतिलिपि

२. उपभोक्ता समितिको पदाधिकारीको नागरिकताको प्रतिलिपि

३. उपभोक्ता समितिको नाममा विद्युत महसुल बुझाउने कार्ड

४. उपभोक्ता समितिको मर्मत संभार कोष सम्बन्धी कागजात

५. अन्य आवश्यक कागजात